जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३५ पृष्ठः ४ | २०८२ पुस २५ शुक्रबार (Friday 09 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारबाट खैरो हिरोइनजस्तो पदार्थसहित ६ जना पक्राउ



राहुल राय

सिरहा, २४ पुस। सिरहा प्रहरीले जिल्लाको गोलबजार क्षेत्रबाट कडा खालको मानिने प्रतिबन्धित लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थसहित ६ जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गोलबजार नगरपालिका- ६ लक्ष्मीटोल र २ नम्बर वडाको गुरुधाम गाउँ जाने बोटो छेउको फुसको टहराबाट छुट्टाछुट्टै रूपमा ६ जनालाई पक्राउ गरिएको हो।

घरमै लागुऔषध बिक्री गरिरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरीबाट खटिएको प्रहरी टोलीले स्थानीय करिब ३६ वर्षीय सञ्जीव मोक्तानको घर खानतलासी गर्दा ४५ वटा पोकामा प्याक गरिएको चार ग्राम ४६० मिलिग्राम खैरो हिरोइनजस्तो पदार्थ बरामद भएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार लागुऔषध बरामद भएसँगै तत्काल प्रहरीले मोक्तानसहित स्थानीय करिब १९ वर्षीय रोशन विश्वकर्मा र करिब २८ वर्षीय वसन्त श्रेष्ठलाई समेत पक्राउ गरी गोलबजार प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ।

त्यस्तै, गोलबजार- २, गुरुधाम जाने बाटोछेउमा रहेको फुसको टहरामा लागुऔषध बिक्री-वितरण भइरहेको सूचनाको आधारमा गोलबजार तीनजनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सिन्धुलीको कमलामाई नगरपालिका- ९ का करिब ३९ वर्षीय प्रभात देवकोटा, सिरहाको धनगढीमाई नगरपालिका- ८, चियाबारीका करिब २४ वर्षीय नवराज शर्मा र गोलबजार- ५, सिडिओटोलका करिब २२ वर्षीय अभिषेक यादवलाई प्लास्टिकबाहेक तीन ग्राम आठ सय मिलिग्राम खैरो हिरोइनजस्तो पदार्थसहित पक्राउ गरिएको हो।

पछिल्लो समय गोलबजार क्षेत्रबाट प्रहरीले पटक-पटक खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामदसँगै त्यसको कारोबारमा संलग्न व्यक्तिहरू पक्राउ गरिरहेको छ। तयारी पोसाकका लागि जिल्लामै नमुना बजारको रूपमा

**-बाँकी तीन पेजमा**

## सिरहामा ३७५७ निर्वाचन प्रहरी माँग

सिरहा, २४ पुस। फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि जिल्ला प्रशासन कार्यालय सिरहाले निर्वाचन प्रहरी भर्ना तथा नियुक्ति सम्वनिध सूचना प्रकाशन गरेको छ। निर्वाचनमा शान्ति सुरक्षामा थप मदतको लागि निर्वाच प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले विहिवार सूचना जारी गरेको हो। प्रतिनिधी सभा सदस्य निर्वाचनको लागि स्वीकृत 'निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्वन्धि एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्याविधि २०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गर्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकले एकिकृत रुपमा दरखास्त दिन सक्ने सूचनामा उल्लेख गरिएको छ।

जिल्लामा जम्मा तीन हजार ७५७ जना निर्वाचन प्रहरीको माँग गरिएको छ। जसमध्ये नेपाल प्रहरी तर्फ तीन हजार ३७२ र सशस्त्र प्रहरी बल तर्फ ३८५ जनाको माँग गरिएको सूचनामा छ। साधारण लेखपढ गर्न सक्ने १८ देखि ५४ वर्ष उमेर समूहका योग्यता पुगेका व्यक्तिले पुस २५ गते देखि माघ १ गतेसम्म जिल्ला प्रहरी कार्यालय सिरहा र सशस्त्र प्रहरी बल नम्वर ७ हेड क्वाटर सिरहा १९ सन्हैठामा निवेदन दिन सक्ने सूचनामा उल्लेख छ।

## संरक्षणको पर्खाइमा पर्यटकीय स्थल 'देवीदह'



**जीवछ यादव**

लहान, २४ पुस। लहान नगरपालिकाको सहरी क्षेत्रसँग नजिक रहेको पर्यटकीय स्थल देवीदह संरक्षणको अभावमा ओझेलमा पर्न थालेको भन्दै स्थानीयवासीले गुनासो गरेका छन्। देवीदहको समग्र विकासका लागि एकताबद्ध भएर विष्णुमहायज्ञ आयोजना गर्ने तयारीसमेत थालिएको छ। सुन्दर दृश्य र बजारबाट नजिक भएकाले कुनै समय निकै चर्चामा रहेको देवीदह पछिल्ला केही वर्षयता किन ओझेलमा पर्‍यो भन्ने विषयमा पुनः खोजी तथा प्रचार-प्रसारमा स्थानीयहरू जुट्न थालेको लहान नगरपालिका वडा नम्बर १७ का वडाध्यक्ष प्रथमलाल चौधरीले बताए।

दस बिघा क्षेत्रफलमा फैलिएको मुतनी जंगलको छेउमा अवस्थित देवीदहको उत्तरी डिलमा

**-बाँकी तीन पेजमा**

## राष्ट्रिय झण्डाको सम्मान गरौं।

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता,
पहिचान र स्वाभिमानको रक्षा गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

## गोलबजार उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष गुप्तालाई मातृशोक

सुरेश राय

सिरहा, २४ पुस। गोलबजार उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष राकेश गुप्तालाई मातृशोक परेको छ। उनकी आमा शान्ति देवी गुप्ताको काठमाडौंको जहरसिंहपौवा-साँखु सडकखण्डमा भएको बस दुर्घटनामा परेर असामयिक निधन भएपछि गुप्ता परिवारलाई मातृशोक परेको हो। बुधबार दुर्घटनामा परी दिवङ्गत शान्ति देवी गुप्ताको आजै दिउँसो ४ बजे सिरहाको गोलबजारस्थित मैनाबती नदीमा अन्त्येष्टि गरिएको छ।



यस दुःखद घटनाप्रति गोलबजार उद्योग व्यापार संघ, व्यापारी समुदाय तथा सर्वसाधारणले दुःख व्यक्त गर्दै दिवङ्गत आत्माहरूको चिरशान्तिको

**-बाँकी दुई पेजमा**

## सम्पादकीय

# कांग्रेसलाई सन्दर्भ र अर्थहीन बनाउने षड्यन्त्र

सात दशकभन्दा बढी समयदेखि नेपालको लोकतान्त्रिक संघर्षको नेतृत्व गर्दैआएको नेपाली कांग्रेस उसको इतिहासकै सबैभन्दा गम्भीर संकटमा परेको देखिन्छ। सत्ताबाट बलपूर्वक हटाएर राजाले प्रतिबन्ध लगाउँदा पनि कांग्रेसको अस्तित्व र औचित्यमा यति प्रश्न उठेको थिएन। यसो त २०६३ को जनआन्दोलन र शान्ति प्रक्रियाको नेतृत्वपछि नै नेपाली कांग्रेसको मौलिक चरित्र र नेताहरूको प्रवृत्ति क्षयोन्मुख हुनथालेको थियो। तर, शेरबहादुर देउवा सभापति भएपछि क्षयोन्मुख प्रवृत्तिको गति तीव्र हुनथालेको हो। जेन–जी आन्दोलनपछि देखिएको कांग्रेस सु ने लक्षण पनि भ्रम सिद्ध भएको छ। आन्दोलनमा सभापति देउवा र त्यतिबेला परराष्ट्रमन्त्री रहेकी उनकी पत्नी आरजु राणा देउवामाथि सा ातिक आक्रमण गरिएको थियो। उन बूढानीलकण्ठस्थित निवासमा तोडफोड र आगजनीसमेत गरियो। एक महिनाजति विदेशमा उपचार गराएर फर्केपछि देउवाले पार्टीका उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएको घोषणा गर्दा उनको सराहनासमेत भएको थियो।

विडम्बना, देउवाले लामो समय त्यो सम्मान र प्रशंसा धान्न सकेनन्। सत्ता मोहले अब उनलाई सतायो। उनी कार्यवाहक सभापतिलाई 'बुख्याँचा' बनाउँदै पुनः सत्ताको गल्लीमा देखिन थाले। त्यसपछि उनले नेपाली कांग्रेस देउवाको एकलौटी स्वामित्वको कम्पनी भएको भान पर्ने गरी पार्टीको निर्णय पुनः तजबिजमै गर्न थाले। अहिले नेपाली कांग्रेसमा विशेष महाधिवेशनको मागलाई विवादको विषय बनाइएको छ। पहिले नियमित महाधिवेशनको मिति तोकेर विशेष महाधिवेशनलाई ओझेलमा पारियो भने पछि महाधिवेशन चुनावपछि गर्ने भन्दै अर्को मिति तोकियो। अब विधानको व्यवस्था कार्यान्वयन गर्न महामन्त्रीहरूले अग्रसरता लिएपछि देउवा पक्षले त्यसलाई अवैधानिक भनेको छ। यस प्रकरणमा देउवाको भूमिका अत्यन्त सङ्कीर्ण र अलोकतान्त्रिक देखियो।

राष्ट्रिय सभाको निर्वाचनमा त झन् देउवाले देउवाले विधि र प्रक्रियामात्र होइन कार्यकर्ताहरू भावना, मनोबल एवं समर्पणकै हत्या गरिदिए। पार्टीका विभिन्न निकायसँग राष्ट्रिय सभाका लागि उपयुक्त उमेदवारहरूको सिफारिस मागियो। तर, निर्णय भने कतिपय स्थानमा देउवाले खल्तीबाट झिकेको व्यक्तिको नाममा भयो। कार्यकर्तामा स्वाभिमान बाँकी हुन्थ्यो भने यति अपमान भएपछि सम्भवतः सिफारिसमा परेका र गर्नेहरूले पार्टीबाट विद्रोह गर्ने थिए।

नेपाली कांग्रेसको विधानले कुनै पनि व्यक्तिलाई तेस्रोपटक सभापति हुन नरोकेको भए देउवाको व्यवहारले देखाउँछ उनले अहिले पनि सभापति छाड्ने थिएनन्। यस्तै, सायद उनलाई चुनावपछि प्रधानमन्त्री हुने धोको अझै बाँकी रहेको पनि बुझ्न सकिन्छ। तर, त्यसैका लागि पनि त नेपाली कांग्रेसले धेरै स्थानमा चुनाव त जित्नुपर्ला । जेन–जी आन्दोलनलाई पूरै अस्वीकार गरेर बढ्न खोज्दा जनताले नेताहरूलाई पनि पाखा लगाइदिन सक्छन्। परिवर्तनलाई आत्मसात् गर्न सकेमात्र समयको हुरीमा अडिन सकिन्छ। सम्भवतः महामन्त्री द्वयले समयको पदचाप सुनेरै पार्टीलाई नयाँ दिशा, गति र ऊर्जा दिन विधानको मान रहनेगरी विशेष महाधिवेशन आह्वान गरेका हुन्। तर, विधान, विधि र प्रक्रियाजस्ता कुनै पनि लोकतान्त्रिक मानकहरू अस्वीकार गरेर देउवाले आफ्नै इतिहासप्रति अन्याय गरे।

आफ्नै दलको विधानले तय गरेको विधि र प्रक्रिया मिच्न पटक्कै नहिचकिचाउने व्यक्ति अरू जे भए पनि लोकतन्त्रवादी मानिन सक्तैन। लोकतान्त्रिक चरित्र नै नभएको व्यक्तिको नेतृत्वमा रहिरहे नेपाली कांग्रेसको औचित्य पनि समाप्त हुन्छ। सिद्धान्तका आधारमा नेपाली कांग्रेसमा संगठित नेता र कार्यकर्ताले ऐतिहासिक भूमिका भएको दललाई जीवन्त बनाउने कि बिस्तारै खिएर जान दिने भन्ने विषयमा पक्कै विचार गर्लान् नै।

*गोलबजार उद्योग...*

कामना गरेका छन् भने शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन्। गोलबजारका गुप्ता परीवार लामो समयदेखि 'गुप्ता ब्रदर्स'को नाममा मोटर र मोवाई व्यवसायमा सक्रिय छन्।

उक्त दुर्घटनामा गुप्तासहित थप चारर जनाको मृत्यु भएको छ भने ३३ जना घाइते भएका छन्। प्रहरीका अनुसार नेचर हाउस एन्ड हर्ब इन्टरनेशनल कम्पनीको पिकनिकबाट फर्किंदै गर्दा बा ४ ख ८७८८ नम्बरको बस बुधबार साँझ दुर्घटनामा परेको थियो। घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका सूचना अधिकारी एसपी पवन भट्टराईका अनुसार गोकर्णेश्वर नगरपालिका ५ जोरपाटी बस्ने अन्दाजी ५५/६० वर्षीय अर्जुन लामिछाने, बाँकेको कोहलपुर नगरपालिका ५ घर भई हाल बूढानीलकण्ठ बस्ने ४९ वर्षीया कामना शर्मा, ताप्लेजुङ पाथीभरा ५ घर भई हाल बूढानीलकण्ठ नगरपालिका ७ बस्ने ५१ वर्षीया इन्दिरा लिम्बु तथा पाँचथर घर भई हाल गोठाटार बस्ने ६५ वर्षीय देवेन्द्र लिम्बुको मृत्यु भइसकेको छ।

# राजनीतिमा युवाको बढ्दो हस्तक्षेप : आवेग होइन, चेतनाको परिणाम



**समिर गौतम**

नेपालको समकालीन राजनीतिमा युवाको बढ्दो हस्तक्षेप कुनै आकस्मिक घटना होइन। यो न त केवल आवेगको विस्फोट हो, न सामाजिक सञ्जालको क्षणिक प्रभाव मात्र। यसको मूल कारण नेपालमा लामो समयदेखि जमेर बसेका संरचनागत समस्या, राजनीतिक नेतृत्वको असफलता र युवाको जीवनसँग प्रत्यक्ष गाँसिएका सामाजिक–आर्थिक संकटहरू हुन्।

राजनीतिलाई 'फोहोरी खेल' भनेर आलोचना गर्ने पुस्ता आज स्वयं राजनीतिमा हस्तक्षेप गर्न बाध्य हुनुको पछाडि एउटा गहिरो प्रश्न लुकेको छ– के वर्तमान राजनीतिक प्रणालीले युवाको सपना, श्रम र भविष्यलाई प्रतिनिधित्व गर्न सकेको छ ? धेरै युवाका लागि यसको उत्तर नकारात्मक छ। यही अनुभूतिले आजको राजनीतिक सक्रियताको आधार निर्माण गरेको छ।

नेपालले पछिल्ला केही दशकमा पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय प्रणालीको आगमन, जनआन्दोलन र अन्ततः संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जस्ता महत्त्वपूर्ण राजनीतिक परिवर्तन अनुभव गर्‍यो। कागजमा यी परिवर्तनहरू ऐतिहासिक देखिए पनि व्यवहारमा राजनीतिक संस्कार र शासनशैलीमा अपेक्षित सुधार आउन सकेन। व्यवस्था फेरियो, संविधान फेरियो, तर सत्ता प्रयोग गर्ने सोच र शैली धेरै हदसम्म उस्तै रह्यो।

राजनीतिक दलहरू संस्थागत हुनुभन्दा व्यक्ति केन्द्रित बन्दै गए, विचारभन्दा गुट र शक्ति संघर्ष हाबी भयो। निर्णय प्रक्रिया सीमित व्यक्तिहरूको वरिपरि केन्द्रित हुँदै गयो। नयाँ संविधान र नयाँ संरचना देखे पनि युवाले आफ्नै जीवनमा ठोस परिवर्तन अनुभूत गर्न सकेनन्, जसले राजनीतिप्रति निराशा र आक्रोश जन्मायो।

लोकतन्त्रको मूल आत्मा जनउत्तरदायित्व हो। तर व्यवहारमा लोकतन्त्र धेरै हदसम्म चुनावमा मात्र सीमित भएको अनुभूति युवामा गहिरिँदै गयो। चुनावपछि जनताको आवाज गौण बन्ने, चुनावी प्रतिबद्धताहरू व्यवहारमा नउतारिने, भ्रष्टाचारविरुद्धका भाषण कार्यान्वयन नहुने अवस्थाले राजनीतिक प्रणालीप्रति विश्वास कमजोर बनाउँदै लग्यो।

यस पृष्ठभूमिमा बेरोजगारी युवाको राजनीतिक चेतनालाई सबैभन्दा गहिरो रूपमा प्रभावित गर्ने पीडादायक कारण बनेको छ। शिक्षा प्रणालीले डिग्री उत्पादन गरे पनि रोजगारी सिर्जना गर्न राज्य असफल देखियो। सीप र क्षमताको कदर नहुनु, निजी क्षेत्र कमजोर हुनु र उद्यमशीलता प्रवर्द्धनका लागि प्रभावकारी नीति नहुनुले युवालाई गहिरो निराशामा धकेल्यो। शिक्षा पूरा गरेपछि पनि जीवन अनिश्चित रहने अवस्था व्यक्तिगत निराशामा सीमित नरही राजनीतिक प्रश्नमा रूपान्तरण भयो।

हरेक वर्ष लाखौँ युवा वैदेशिक रोजगारीका लागि देश छोड्न बाध्य हुनु राज्य असफलताको अर्को गम्भीर संकेत हो। रेमिट्यान्सले अर्थतन्त्रलाई केही समय धाने पनि यसको सामाजिक र राजनीतिक मूल्य अत्यन्तै ठुलो छ। देशका ऊर्जाशील, सिर्जनशील र उत्पादनशील युवा विदेशिनु केवल आर्थिक विषय होइन, यो राज्यको दीर्घकालीन नीतिगत असफलताको प्रमाण हो। जब राज्यले आफ्ना युवालाई सम्भावना दिन सक्दैन, तब युवाले राज्यसँग प्रश्न उठाउनु स्वाभाविक हुन्छ, र यही प्रश्न आज राजनीतिक हस्तक्षेपमा रूपान्तरण हुँदै गएको छ।

अवसरको असमान वितरण पनि युवाको असन्तुष्टिको गहिरो कारण हो। नेपालमा अवसर योग्यता, मेहनत र क्षमताको आधारमा होइन, राजनीतिक पहुँच, नातावाद र सिफारिसका आधारमा बाँडिने प्रवृत्ति व्यापक छ। सरकारी जागिर, ठेक्का, छात्रवृत्ति र पदोन्नतिमा सिफारिस निर्णायक बन्नुले युवामा निराशा मात्र होइन, आक्रोश समेत पैदा गरेको छ। नियम कानुन कमजोरका लागि मात्र लागु हुने र शक्तिशालीले सजिलै उन्मुक्ति पाउने प्रणालीप्रति युवाको विश्वास खस्किनु स्वाभाविक हो।

यही विश्वासको संकटले युवालाई वैकल्पिक राजनीति खोज्न प्रेरित गरेको छ। युवाले बुझ्न थालेका छन् केवल सत्ता परिवर्तनले होइन, संरचनागत सुधारले मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ। त्यसैले आजका युवा राजनीतिक हस्तक्षेप केवल विरोधमा सीमित छैन, यसमा वैकल्पिक संरचना निर्माणको आकांक्षा पनि समेटिएको छ। सूचना प्रविधिको विकासले युवाको राजनीतिक चेतनामा निर्णायक भूमिका खेलेको छ। सामाजिक सञ्जाल, डिजिटल मिडिया र विश्वव्यापी सूचनाको पहुँचले युवालाई अन्य देशका शासन प्रणाली, नेतृत्व शैली र सुशासनका अभ्याससँग परिचित गराएको छ, जसको आधारमा उनीहरूले आफ्नै देशको अवस्थासँग तुलना गर्न थालेका छन्।

राजनीतिक दलहरूभित्र नेतृत्व हस्तान्तरणको संकट पनि युवाको सक्रियताको अर्को प्रमुख कारण हो। आन्तरिक लोकतन्त्र कमजोर हुनु, निर्णय शक्ति सीमित व्यक्तिहरूमा केन्द्रित हुनु र नेतृत्व पुस्तान्तरण व्यवहारमा नदेखिनुले युवालाई राजनीतिबाट पर धकेलेको छ। प्रचार, भिड व्यवस्थापन र झण्डा बोक्ने भूमिकामा सीमित पारिँदा संस्थागत राजनीतिप्रति वितृष्णा बढ्नु स्वाभाविक हो। त्यसैले धेरै युवा दलभित्र सुधार खोज्नुभन्दा बाहिरबाट हस्तक्षेप गर्न थालेका छन् स्वतन्त्र उम्मेदवारी, नयाँ राजनीतिक दल र नागरिक अभियानमार्फत।

आजको युवा पुस्ता सत्ता मात्र खोजिरहेको छैन। उसले नैतिकता, पारदर्शिता र सेवामूलक राजनीतिलाई प्राथमिकता दिन थालेको छ। भ्रष्टाचारलाई सामान्य व्यवहारका रूपमा स्वीकार गर्ने राजनीतिक संस्कृतिप्रति युवाको तीव्र अस्वीकार स्पष्ट देखिन्छ। युवाको दृष्टिमा राजनीति पेसा होइन, सार्वजनिक सेवा हो। सत्ता विशेषाधिकार होइन, जिम्मेवारी हो। यही मूल्यबोध युवाको राजनीतिक हस्तक्षेपको नैतिक आधार बनेको छ।

कतिपयले युवाको राजनीतिक सक्रियतालाई अपरिपक्वता वा आवेगको परिणाम भनेर आलोचना गर्ने गरेका छन्। तर लोकतन्त्रको इतिहासले देखाउँछ जब संस्थाहरू जनअपेक्षाअनुसार चल्न असफल हुन्छन्, नागरिक हस्तक्षेप लोकतन्त्रको कमजोरी होइन, यसको शक्ति हो। यद्यपि यस्तो हस्तक्षेप विवेकशील, दीर्घकालीन दृष्टियुक्त र संस्थागत सुधारतर्फ उन्मुख हुनु आवश्यक छ। केवल विरोधले होइन, विकल्प निर्माणले मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ।

राजनीतिमा युवाको बढ्दो हस्तक्षेप आवेगको विस्फोट होइन, चेतनाको परिणाम हो। यो निराशाको आवाज मात्र होइन, भविष्यप्रतिको जिम्मेवारी हो। यदि युवा मौन बस्छन् भने अक्षमता, भ्रष्टाचार र अन्याय संस्थागत बन्छ। तर यदि युवा विवेक, नैतिकता र दीर्घदृष्टिसहित राजनीतिमा हस्तक्षेप गर्छन् भने नेपालमा नयाँ राजनीतिक संस्कृतिको आधार तयार हुन सक्छ। अब 'युवा किन राजनीतिमा हस्तक्षेप गर्छन् ? भन्ने प्रश्नमा सीमित नरही 'युवाले कस्तो राजनीति, कस्तो राज्य र कस्तो भविष्य निर्माण गर्न चाहन्छन् ?' भन्ने दिशातर्फ अघि बढ्नु आवश्यक छ। यही प्रश्नको उत्तरमै नेपालको राजनीतिक भविष्य लुकेको छ। ( गौतम नेकपा संयुक्तका केन्द्रीय सदस्य हुन्।) रातोपाटीबाट

# काठ तस्करी गर्न नदिएपछि चौकीदारको हत्या, चप्पल र बन्चरोले खुल्यो रहस्य

सर्लाही, २४ पुस। सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित सागरनाथ वन विकास परियोजनाका एक चौकीदारको बीभत्स हत्या भयो। शनिबार पुस १९ गते बिहान गस्तीमा गएका ५२ वर्षीय रामेश्वर महतो कोइरीको शव दिउँसो परियोजना क्षेत्रमै टाउको छिनाइएको र रक्ताम्य अवस्थामा प्रहरीले फेला पारेको थियो। घटनामा संलग्न भएको आशंकामा प्रहरीले सोही वडाका रामबलि महतोलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ। प्रारम्भिक अनुसन्धानबाट अवैध काठ चोरी र चौकीदारले त्यसलाई रोक्ने प्रयास गर्दा भएको पुरानो रिसइवीका कारण हत्या भएको खुलेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) सरोज राईले दिएको जानकारी अनुसार ईश्वरपुर नगरपालिका–२ राईटरखोर टोल घर भई सागरनाथ वन विकास परियोजनाको चौकीदारका रूपमा कार्यरत रामेश्वर महतो कोइरी पुस १९ गते बिहान करिब ५ बजे आफ्नो घरबाट साइकलमा एक्लै परियोजनाको प्लट नं. १० को जंगलमा गस्ती गर्न गएका थिए। परिवारका सदस्यहरूले पटक–पटक गर्दा लागे पनि कोइरीको फोन भने उठेन। केही समयपछि फोन स्वीच अफ भयो। त्यसपछि आत्तिँदै परिवारले खोजी गर्न थाले। खोजी गर्दै जाँदा दिउँसो करिब साढे २ बजे ईश्वरपुर नगरपालिका–२ राइटरखोरघाट टोलस्थित परियोजनाको प्लट नं. १० को जंगलमा कोइरीको शव भेटियो, वनमाराको झाडीमा कोइरीको मृत शरीर टाउको छिनाइएको र रक्ताम्य अवस्थामा फेला परेको थियो।

घटनाको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सर्लाही र इलाका प्रहरी कार्यालय केशरगञ्जबाट प्रहरी टोली घटनास्थलमा खटियो। घटनास्थलनजिकै रगत लागेको

–बाँकी तीन पेजमा

# १४ करोडको अस्पताल भवन अलपत्र




**सुधा देव**

सप्तरी, २४ पुस। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका– ३ सकरपुरामा सुविधा सम्पन्न १५ शय्याको अस्पताल भवन निर्माण भएको डेढ वर्ष बितिसक्दा समेत सञ्चालनमा आउन सकेको छैन। ०७९ वैशाख २१ मा सम्झौता भई १४ करोडको लगानीमा २०८१ वैशाख १४ गते अस्पतालको भवन निर्माणको काम सम्पन्न भइसक्दा समेत अस्पताल सञ्चालनमा ल्याउन नसकेको हो। सुविधा सम्पन्न अस्पतालको भवन निर्माण भए पनि सञ्चालनमा आउन नसक्नु दुखद रहेको स्थानीय सिताराम रायले बताए। उनले भने, "सरकारको ठुलो लगानी छ। अस्पताल सञ्चालन भएको भए सर्वसाधारणलाई उपचार गर्न सहज हुने थियो।"

सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरीले अस्पताल भवन बुझ्नका लागि डेढ वर्षदेखि गाउँपालिकालाई पटक–पटक पत्राचार गर्दा समेत नगर प्रमुखले वास्ता नगरेको आयोजनाका सूचना अधिकारी प्रमोद यादवले बताए। उनले भने, "अस्पतालको भवन निर्माण काम सम्पन्न भएदेखि भवन बुझ्नका लागि पालिकालाई पटक पटक आग्रह गर्दा समेत जनप्रतिनिधिले आज भोलि गरी टार्दै आउनुभएको छ।" अस्पतालको भवन पालिकाले बुझ्न नमानेको विषयमा जिल्ला प्रशासन कार्यालय सप्तरीलाई जानकारी गराउने र त्यसपछि पनि सुनुवाइ भएन भने विभाग र मन्त्रालयसँग समन्वय गरेर प्रक्रिया अघि बढाइने उनले बताए।

४२ कोठे अस्पतालको भवनमा एक सय ५० केभीएको ट्रान्सफर्मर र एक सय २६ केभीएको जेनेरेटर समेत जडान गरी विद्युतीकरण गरिएको तीन तल्लाको उक्त अस्पताल भवन डेढ वर्षदेखि निर्माण कम्पनी 'देव एण्ड सायर/ड्राग्न जेभी काठमाडौँले नै रेखदेख गर्दै आएको उनले बताए। गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले अस्पताल सञ्चालन गर्न बजेट नहुँदा तत्काल भवन जिम्मा लिन कठिनाइ भएको बताए। उनले भने, "भवन जिम्मा लिएसँगै तत्कालै रेखदेख गर्नका लागि दुई जना कर्मचारी राख्नुपर्ने र त्यसका लागि बजेट उपलब्ध नभएकाले ढिलो भएको हो। यस वर्षदेखि अस्पताल सञ्चालन गर्ने विषयमा हाम्रो छलफल भइरहेकाले चैतसम्ममा अस्पताल सञ्चालन गर्न सक्ने उनले बताए।

*संरक्षणको पर्खाइमा ...*

देवीको मन्दिर रहेको छ। यहाँ कुनै समय चार वटा साना र एउटा ठुलो डुङ्गा नियमित सञ्चालनमा थिए। डुङ्गाबाट दैनिक पाँच हजारदेखि दस हजार रुपियाँसम्म आम्दानी हुने गर्दथ्यो। वनभोजका लागि आउने पर्यटकको घुइँचो लाग्ने देवीदह पछिल्ला वर्षहरूमा सुनसान बनेको वडाध्यक्ष चौधरीले बताए। देवीदहमा हाल माछापालनबाट वर्षमा करिब दुई लाख रुपियाँ मात्र आम्दानी हुने गरेको र सीमित स्रोतका कारण चाहेर पनि पर्याप्त विकास गर्न नसकिएको उनको भनाइ छ। २०७८ सालमा सौन्दर्यीकरण र सडक निर्माणका लागि छ करोड रुपियाँको बजेटमा टेन्डर लागे पनि काम अघि बढ्न नसक्दा समस्या झन जटिल बनेको उनले सुनाए।

वडाध्यक्ष चौधरीका अनुसार यस वर्ष मधेश प्रदेशसभा सदस्य ललिता दासले उपलब्ध गराएको २४ लाख रुपियाँबाट देवीदहभित्र केही सौन्दर्यीकरण गरिएको छ। उनले तत्काल लहान वडा नम्बर ९ देखि देवीदहसम्म पिच सडक निर्माण र सौन्दर्यीकरणका लागि करिब एक करोड रुपियाँ लगानी आवश्यक रहेको बताए। प्रथम राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत नेपाली सेनाको परिचालन गरी देवीदहमा सौन्दर्यीकरण लगायतका काम गरेपछि करिब एक दशकसम्म भारतसहित विभिन्न जिल्लाबाट पर्यटक आउने क्रम बढेको देवीदह विकास समितिका अध्यक्ष कपिलेश्वर यादवले जानकारी दिए।

देवीदह विकास समितिको चयनमा पटक–पटक विवाद हुनु र आय–व्यय पारदर्शी नहुनुका कारण विकास अवरुद्ध भएको स्थानीयहरूको गुनासो छ। स्थानीय रमन यादवका अनुसार सहमति र एकताका साथ अघि बढेपछि नजिकैको लहान वडा नम्बर १५ मा रहेको राजदेवी, हात्ती दह र झ्वाइ खोल्सीको विकासले गति लिएको छ। तर देवीदह भने विवादकै कारण ओरालो लागेको उनले बताए। "आउँदो चैत ५ गतेदेखि विष्णुमहायज्ञ आयोजना गरेर देवीदहको विकास अघि बढाउने तयारी गरेका छौं," उनले भने।

लहान नगरपालिका वडा नम्बर १५, १६ र १७ लाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिँदै आएको र स्थानीय बजेटले भ्याएसम्म सहयोग गर्दै आएको नगर प्रमुख महेशप्रसाद चौधरीले बताए। लहान नगरपालिकाको समृद्धिको आधार धार्मिक र प्राकृतिक पर्यटकीय स्थल भएकाले यसको एकीकृत विकासका लागि सम्बन्धित मन्त्रालय, विभाग, प्रदेश र संघीय सरकारको ध्यानाकर्षण गराइरहेको उनले स्पष्ट पारे। "तत्काल देवीदहमा डुङ्गा सञ्चालनका लागि पहल थालिने छ," नगर प्रमुख चौधरीले भने।

*काठ तस्करी गर्न ...*

बन्चरो र कालो रंगको एक जोर चप्पल फेला परेको प्रहरीले बताएको छ। स्थानीय व्यक्तिहरूले उक्त चप्पल र बन्चरो ईश्वरपुर नगरपालिका–२ राइटरखोर टोलकै रामबलि महतोको भएको खुलाए। रामबलि प्रायः जंगलमा काठ दाउरा काट्न जाँदा यही बन्चरो बोकेर जाने गरेका स्थानीयले बताएका छन्। यसैलाई आधार मानेर प्रहरी टोली तत्कालै रामबलिको घर पुग्यो, प्रहरीले उनलाई घरअगाडि नै भेट्टायो र तत्काल नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले रामबलिको घर खानतलासी गर्‍यो। उनको सुत्ने कोठाभित्र झुण्ड्याइएको ज्याकेट र जिन्स पाइन्टमा रगतका छिटाहरू भेटिनुले प्रहरीको अनुसन्धान थप बलियो बन्यो। शंकास्पद अवस्थामा फेला परेका ती कपडाहरू प्रहरीले बरामद गरेको छ।

**काठ चोरी गर्दाको पुरानो रिसइबी नै हत्याको कारण**

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पक्राउ परेका रामबलि महतोले धेरै पटक जंगलमा प्रवेश गरी टिक र मसलाका रूखहरू चोरी गर्ने गर्थे। रामेश्वर महतो (मृतक) कोइरीले उनलाई धेरै पटक सम्झाई बुझाई यस्तो कार्य नगर्न रोक्ने प्रयास गरेका थिए। 'एक पटक रामबलि काठ काट्दै गर्दा पक्राउ गर्न खोज्दा उनीहरूबिच जंगलभित्र लछारपछारसमेत भएको र रामबलि महतो भागेका रहेछन्,' डीएसपी राई भन्छन्।

घटना हुनुभन्दा ४/५ दिन अगाडि रामबलिले सागरनाथ वन विकास परियोजनाबाट चोरी गरी दाउरा चिरी बेच्न राखेको टिकको काठ र कोइरीले लगेका थिए। यसै विषयलाई लिएर रामबलिले कोइरीलाई 'मार्छु, काट्छु' समेत भनेका डीएसपी राई बताउँछन्। 'धाकधम्की समेत दिएका प्रमाणहरू फेला परेका छन्,' उनले बताए।

घटनाको सूक्ष्म अनुसन्धान गर्न प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाले प्रदेश प्रहरी कार्यालयबाट स्पेसल कुकुरसहितको टोली घटनास्थलमा पठाएका थिए। प्रहरीले रामबलिलाई जिल्ला अदालतबाट ज्यान सम्बन्धी कसुरमा ६ दिनको म्याद थपी इलाका प्रहरी कार्यालय केशरगञ्जमा थप अनुसन्धान गरिरहेको छ।

*गोलबजारबाट ...*

रहेको गोलबजार क्षेत्रमा पटक–पटक लागुऔषध कारोबारीहरू पक्राउ पर्न थालेपछि स्थानीय व्यवसायी तथा बुद्धिजीवीहरूले लागुऔषधको कारोबार र दुर्व्यसन रोक्न प्रहरीसँग सहकार्य गरी जनचेतनामूलक कार्यक्रम गरिनुपर्ने औँल्याउन थालेका छन्।

# विराटनगर महानगरले २० प्रतिशत बजेट कटौती गर्ने




**विनोद सुवेदी**

विराटनगर, २४ पुस। विराटनगर महानगरपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजित बजेट २० प्रतिशत कटौती गर्ने भएको छ। बिहीबार सम्पन्न नगरसभाको १७ औं अधिवेशनले चालु आर्थिक वर्षका लागि विनियोजित बजेटको २० प्रतिशत कटौती गर्ने निर्णय गरेको हो। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको कारण देखाउँदै विराटनगर महानगरपालिकाले बजेट कटौती गरेको जनाएको छ। जेनजी आन्दोलनबाट उत्पन्न परिस्थिति, घरजग्गा कारोबारमा आयको मन्दी, संस्थागत बहाल कर लक्ष्यअनुरुप असुल हुन नसक्नुलगायतका कारण प्रक्षेपण गरिएकोभन्दा महानगरको आय न्यून हुने देखिएको महानगरकी उपप्रमुख शिल्पा कार्कीले जानकारी दिइन्।

'जेन्जी आन्दोलन पछिको आर्थिक मन्त्रीका कारण महानगरपालिकाको आय घट्ने देखिएकाले विनियोजित बजेटको २० प्रतिशत कटौती गर्ने निर्णय गरिएको हो' उपमेयर कार्कीले भनिन्। चालु आर्थिक वर्षका लागि ४ अर्ब ४० लाख आय अनुमान गरिएकोमा साउनदेखि पुस १५ गतेसम्म १ अर्ब १५ करोड ८४ लाख ४८ हजार ३ सय ३५ रुपैयाँ अर्थात २८.९३ प्रतिशत मात्र यथार्थ आय भएको महानगरले जनाएको छ।

यसैगरी कुल अनुमानित व्यय ४ अर्ब ४० लाख अनुमान गरिएकोमा पुस १५ गतेसम्म ७१ करोड ७० लाख ७५ हजार २ सय ८४ रुपैयाँ अर्थात १७ दशमलव ९० प्रतिशत मात्र व्यय भएको उपमेयर कार्कीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा उल्लेख छ। खर्चमध्ये पुँजीगततर्फ १४ करोड ४४ लाख ९२ हजार ८६ रुपैयाँ खर्च भएको छ। प्रशासनिक एवं चालु खर्चतर्फ ५४ करोड ८० लाख ८१ हजार ५ सय १५ रुपैयाँ खर्च भएको छ भने वित्तीयतर्फ २ करोड ४५ लाख १ हजार ६ सय ८३ रुपैयाँ खर्च भएको छ।

यसैगरी कुल अनुमानित आयमा आन्तरिक राजस्वतर्फ १ अर्ब ४० करोड अनुमान गरिएकोमा पुस १५ गतेसम्म १९ करोड ८५ लाख ८० हजार २ सय ६४ रुपैयाँ मात्र यथार्थ आय संकलन भएको छ। त्यसैगरी राजस्व बाँडफाँडबाट प्राप्त राजस्वबाट १ अर्ब १९ करोड २० लाख ३ हजार अनुमान गरिएकोमा १७ करोड ९० लाख ८ सय १८ रुपैयाँ मात्र प्राप्त भएको छ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सरकारतर्फ १ अर्ब १७ करोड ६८ लाख अनुमान गरिएकोमा ६० करोड २३ लाख ९० हजार अनुदान प्राप्त भएको छ। प्रदेश सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ ७ करोड ८५ लाख ९७ हजार अनुमान गरिएकोमा २ करोड ३० लाख ३८ हजार ६ सय १० रुपैयाँ प्राप्त भएको देखिन्छ। संघसंस्था अनुदानतर्फ १ करोड ६६ लाख अनुमान गरिएकोमा ८२ लाख ६६ हजार ५ सय ८२ रुपैयाँ प्राप्त भएको छ। यसैगरी गत वर्षको मौज्यता १४ करोड ९९ लाख २ हजार ५१ रुपैयाँ रहेको छ।

# जसपा नेपाल र लोसपाले छुट्टाछुट्टै उम्मेदवारी दिएपछि गठबन्धनभित्र आशंका

जनकपुरधाम, २४ पुस। मधेस प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले राष्ट्रियसभा निर्वाचनका लागि छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएपछि कांग्रेस–एमालेसहितको गठबन्धनमा आशंका उत्पन्न भएको छ। मधेस प्रदेशमा कांग्रेस, एमाले र जसपा नेपालको समर्थनमा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले राष्ट्रियसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन्। तर जसपा नेपालले बाँकी तीन सिटमा छुट्टै उम्मेदवारी दर्ता गराएपछि कांग्रेस–एमालेसहितको गठबन्धनभित्र असन्तुष्टि र संशय बढेको छ।



लोसपा नेपालका तर्फबाट अध्यक्ष ठाकुरले एक क्लस्टरमा उम्मेदवारी दर्ता गराउँदा जसपा नेपालले अन्य तीनवटा क्लस्टरमा अलग–अलग उम्मेदवारी दर्ता गराएको छ। जसपा नेपालका नेता शैलेन्द्रप्रसाद साह मधेस प्रदेशमा कांग्रेस र एमालेसँगको गठबन्धनका लागि दुई सिट माग गरिएको, तर सम्बोधन नभएपछि बाँकी सिटमा छुट्टै उम्मेदवारी दिनुपरेको बताउँछन्। उनका अनुसार कांग्रेस र एमालेले एक सिट अझै दिन राजी भए बाँकी दुई उम्मेदवारी फिर्ता पनि हुनसक्छ।

लोसपा नेपालका प्रवक्ता आभास लाभले जसपा नेपालसँगको एकता प्रक्रिया अन्तिम चरणमा रहे पनि सिट बाँडफाँटको टुंगो नलाग्दै राष्ट्रियसभा निर्वाचनको मनोनयन प्रक्रिया सुरु भइसकेकाले ठाकुरको उम्मेदवारी दर्ता गराइएको बताए। यसले एकता प्रक्रियामा कुनै समस्या नआउने दाबी गर्दै उनले जसपा नेपालका साथै एमाले र कांग्रेसको पनि ठाकुरलाई समर्थन रहने बताए। प्रवक्ता लाभले जसपा नेपालले छुट्टै उम्मेदवारी दर्ता गराएको विषयलाई विवादको रूपमा नहेरी राजनीतिक कारणका रूपमा बुझ्नुपर्ने बताए। अध्यक्ष ठाकुरलाई पटक–पटक उम्मेदवार बनाइएको विषयमा उनले भने, 'महन्थ ठाकुर एक ब्रान्ड हुन्। उनको पथप्रदर्शनमा पार्टीका नेता–कार्यकर्ताहरू अघि बढ्नु गौरवको विषय हो।'

राष्ट्रियसभा निर्वाचनका लागि मधेस प्रदेशमा जसपा नेपालबाट तीन जनाको उम्मेदवारी दर्ता भएको छ। जसमा अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दास छन्। उम्मेदवारमध्ये चौधरी सप्तरीका हुन् भने साह सिरहा र दास धनुषाकी हुन्। पुस १३ गते जसपा नेपाल र लोसपा नेपालबिच पार्टी एकता गर्ने घोषणा भएपनि त्यसको भोलिपल्ट प्रतिनिधिसभा निर्वाचनका लागि दुवै दलले निर्वाचन आयोगमा छुट्टाछुट्टै समानुपातिक उम्मेदवारको बन्दसूची पेस गरेका थिए।

# नेकपा नेता अन्सारीद्वारा पार्टीबाट राजीनामा



काठमाडौं, २४ पुस। तत्कालीन नेकपा माओवादी केन्द्र तथा अहिलेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता एवम् मधेश प्रदेशसभा सदस्य रहबर अन्सारीले पार्टीबाट राजीनामा दिएको छ। अन्सारीले नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई सम्बोधन गर्दै राजीनामा दिएको हो। राजीनामापत्रमा उनले साहस, इमान र जोखिम तीनै कुरा पार्टीले त्यागिसकेको भन्दै यो विरोधाभासको हिस्सा आफू बन्न नसक्ने उल्लेख गरेको छ।

अन्सारी २०७९ सालको प्रदेशसभा चुनावमा पर्सा १ (क) मा माओवादी केन्द्रबाट विजयी भएको हो। यसअघि कात्तिक २२ गते तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिनका लागि बसेको प्रदेशसभा बैठकमा उनले सोनलको सरकार प्रदेश सांसदले नबनाएर केन्द्रको आदेशमा बनाइएको आरोप लगाउँदै आफ्नै मुखमा मोसो दलेर चर्चामा आएको थियो।

# जलेश्वरको करदाता सेवा कार्यालय खारेज

महोत्तरी, २४ पुस। महोत्तरीको जलेश्वरस्थित करदाता सेवा कार्यालय खारेज गरिएको छ। नेपाल सरकारको निर्णय बमोजिम सो कार्यालय खारेज भएको आन्तरिक राजस्व कार्यालय जनकपुरधामले जनाएको हो। उक्त कार्यालयमार्फत हुँदै आएको करसम्बन्धी सम्पूर्ण कार्य आजबाट कोष तथा लेखा नियन्त्रकको कार्यालय जलेश्वरबाट हुने आन्तरिक राजस्व कार्यालयका प्रमुख आन्दनकुमार गुप्ताले बताए।

# २२ किलो चरेससहित दुई जना पक्राउ



पर्सा, २४ पुस। पर्साको पोखरिया क्षेत्रबाट लागु औषध चरेससहित दुई जना पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा बिहीबार बिहान बिन्दवासिनी गाउँपालिका–२ अन्तर्गत गर्दील चोकदेखि पूर्व पोखरिया–वीरगन्ज सडक खण्डमा चेकजाँचका क्रममा उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका–१५ मुडली बस्ने २० वर्षीय रैयस अली र पोखरिया नगरपालिका–८ जगतपुर बस्ने ५५ वर्षीय मुनिलाल पटेल रहेका छन्।

प्रहरीका अनुसार उनीहरूले बोकेको दुई वटा कालो झोला शङ्कास्पद देखिएपछि जाँच गर्दा झोलाभित्र पानी खाने १० लिटरका ग्यालन भेटिएका थिए। ग्यालनको मुखमा घिउ राखी तल लुकाएर राखिएको अवस्थामा चरेस फेला परेको प्रहरीले जनाएको छ। जाँचका क्रममा रैयस अलीले बोकेको ग्यालनबाट १० किलो ६०० ग्राम र मुनिलाल पटेलले बोकेको ग्यालनबाट ११ किलो ४०० ग्राम चरेस जस्तो पदार्थ बरामद गरिएको छ। यससँगै उनीहरूको साथबाट नगद ४ हजार ४ सय ५० रुपैयाँ र मोबाइल एक थान पनि बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।
समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मिथिलाञ्चलमा माघे सङ्क्रान्तिको भव्य तयारी गरिँदै

महोत्तरी, २४ पुस। महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलमा माघे सङ्क्रान्ति पर्वको भव्य तयारी भइरहेको छ। माघे सङ्क्रान्ति पर्व मिथिलाञ्चलमा तिला सङ्क्रान्ति पर्वका नामले पनि प्रसिद्ध छ। यहाँका लोकभाषामा तिला सङ्क्रान्ति भनिन्छ भने कतै कतै तिला सङ्क्रायत पनि भनिन्छ। यस पर्वमा मिथिलाको घर घरमा चिउरा, भूजा र तिलमा सख्खर हालेर बनाइएको लड्डु खाने चलन छ। चामल, दाल, घीउ र तरकारी एकै साथ मिसाइएर बनाइएको खिचडीसमेत खाने चलन रहेकाले अहिले यहाँका घर घरमा पर्वमा परिकार बनाउन आवश्यक वस्तु सख्खर, चिउरा, भूजा, तील, अदुवा, विशेष प्रकारको चामल, उरिद र कुर्थीको दाल, घीउ, तरुल तथा अन्य मिठो तरकारी जुटाउनमा सर्वसाधारण व्यस्त छन्।



किनमेलका लागि महोत्तरी सदरमुकाम जलेश्वरसहित मिथिलाको प्रत्येक हाटबजारमा भीडभाड देखिन्छ। यस पर्वका लागि मिथिलाञ्चलको घर घरमा ८/१० दिन पहिलेदेखि तिल, चिउरा, भूजा र सख्खर ल्याएर मिथिलानीहरु लड्डु बनाउने गर्दछन्। जसले गर्दा मिथिलाञ्चलका गाउँ बस्तीमा यस पर्वको रौनक एक साता पहिलेदेखि सुरु हुने जलेश्वर–८ की राजवती देवीले बताइन्। सङ्क्रान्तिका दिन एकाबिहानै घरका सबैभन्दा पाका सदस्य जागेर नित्कर्मसँगै नुहाइधुवाई गरी अरबा चामल, तिल र सख्खर मिसाएर प्रसाद बनाइ कूल देवतालाई चढाउने र पछि सोही प्रसादबाट घरका सबै सदस्यलाई प्रसाद दिँदै ( हमर तिल बहवे) अर्थात 'मेरो आउँदो दिनमा मलाई साथ दिन्छौँ, मैले भनेको गर्छौं' भन्ने चलन रहेको जलेश्वर नगरपालिका– ५ का संस्कृतिविद् ुव रायले बताए।

उनले यस कर्मलाई संस्कार पुस्तान्तरणको संज्ञा दिए। जसले मिथिलाको संस्कार र संस्कृतिलाई पछिसम्म जीवन्त राख्न सहयोग गर्ने उनको भनाइ छ।

# चुरेमा प्रहरीद्वारा ५१ हजार गाँजाका बोट नष्ट

रवीन्द्र उप्रेती

बर्दिवास, २४ पुस। प्रहरीले चुरे भेगको दुर्गम क्षेत्रमा अवैध रूपमा लगाइएका गाँजाका बोटहरू फँडानी गरेको छ। बर्दिवास ५ को चुरे क्षेत्रको विकट वस्ति वरडाँडाका ४ विगाभन्दा बढी क्षेत्रफलमा लगाइएको गाँजा नष्ट गरिएको हो। जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टको नेतृत्वमा इलाका प्रहरी कार्यालय बर्दिवास र गौशालाबाट ४६ जनाको प्रहरी टोलीले करिब ५१ हजार गाँजाका बोट काटेर नष्ट गरेको जनाइएको छ। फँडानी गरिएका गाँजाका हरिया बोटलाई प्रहरीले खेतमै जलाएर नष्ट गरेको छ। इलाका प्रहरी बर्दिवासका डिएसपी विकाश बमकाअनुसार फँडानीको क्रममा अहिलेसम्म कोही पनि पक्राउ परेका छैनन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**ः कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)